
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २२ गते सोमबार ❑ 5 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'नागरिकले सुशासन चाहेका छन्'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ माघ

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले सुशासनबाट मात्र नागरिक सन्तुष्ट हुने भएकाले सुशासनसहितको विकासमा जोड दिनुभएको छ।



नेपाली कांग्रेस म्याग्दीले आइतबार बेनीमा आयोजना गरेको समुदायमा कांग्रेस अभियान कार्यक्रममा नेता पौडेलले विकास-निर्माणका कामबाट मात्र नागरिक सन्तुष्ट नहुने भएकाले सुशासनसहितको विकास उनीहरूले खोजेका बताउनुभयो।

"मुलुकमा व्यवस्था परिवर्तन भयो, भौतिक पूर्वाधारको क्षेत्रमा व्यापक विकास पनि भयो, मानव विकास सूचकाङ्कमा पनि सुधार भयो तर सुशासन कायम हुननसक्दा नागरिकमा व्यापक असन्तुष्टि छ," नेता पौडेलले भन्नुभयो। उहाँले विकास-निर्माण योजनालाई अलपत्र पार्ने निर्माण व्यवसायी र सहकारीको रकम हिनामिना गर्नेहरूमाथि कठोर कारबाही हुनुपर्नेमा जोड दिनुभयो।

## व्यवसायीक उत्पादनको बजारीकरणको लागि पोखरा १४ ले महोत्सव गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

पोखरा महानगरपालिका-१४ ले वडाको उत्पादनलाई व्यवसायीक बजारीकरण गर्न फागुन ६ र ७ गते महोत्सव गर्ने भएको छ।



पोखरा १४ को वडा कार्यालयमा आइतबार स्थानीयहरुसँग अन्तरक्रिया गर्दै वडामा उत्पादन भएका वस्तुहरुको व्यवसायीक रुपमा बजारीकरणको लागि महोत्सव गर्न लागेको जानकारी दिएको हो। महोत्सववारे जानकारी दिन आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै वडाध्यक्ष बोधराज कार्कीले वडामा उत्पादनमा भएका वस्तुहरुको व्यवसायीक बजारीकरण र वडालाई उत्पादनशील क्षेत्रमा जोड दिन महोत्सव आयोजना गरेको बताए।

'वडाको कुन टोलमा के उत्पादन हुन्छ, भन्ने जानकारी सबै वडाका टोलवासीलाई थाहा पाउनुपर्छ', वडाध्यक्ष कार्कीले भने, 'वडामा उत्पादन भएका कृषि जन्य वस्तु र उत्पादनशील वस्तुहरुको व्यवसायीक बजारीकरण गर्न महोत्सव आयोजना गरेका हौं।' दुईदिनसम्म सञ्चालन हुने महोत्सवमा वडामा भएका सबै टोल तथा कृषक, उद्यमीहरुलाई निशुल्क रुपमा स्टल प्रदान गर्ने वडाध्यक्ष कार्कीले जानकारी दिए। 'हामीले विभिन्न टोल, कृषक तथा उद्यमीहरुलाई महोत्सवमा निशुल्क रुपमा स्टल उपलब्ध गराउँछौं, उनले भने, 'महोत्सवमा टोल तथा कृषक उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको प्रदर्शन, उत्पादन र व्यवसायीक बजारीकरण महोत्सव मुख्य उद्धेश्य हो। अन्तरक्रिया कार्यक्रममा स्थानीय लक्ष्मण कार्कीले महोत्सवमा स्थानीय वस्तु र स्थानीय कषकहरुले उत्पादन गरेका वस्तुहरुलाई प्राथमिकता दिन माग गरे। स्थानीय जीवनकुमारी बराल, शान्ता देवकोटा, राजु थापा लगायतले वडा भित्र नै उत्पादन गरेका विभिन्न किसिमका हस्तकलादेखि उत्पादनहरुले महोत्सवमा प्रदर्शनसँगै व्यवसायीक रुपमा थप हौसला प्रदान गर्ने बताएका छन्। स्थानीयहरुले अन्तरक्रिया कार्यक्रममा वडाले विभिन्न शिर्षकमा दिने अनुदान र बजेट वास्तविक कृषक, उद्यमीसम्म पुग्यो कि पुगेन भन्ने विषयले प्राथमिकता पाउने उल्लेख गरेका छन्। स्थानीयहरुले वडाका उत्पादन र कला संस्कृतिलाई महोत्सवमा स्थान दिन माग गरेका छन्। अन्तरक्रियामा बोल्ने वक्ताहरुले खेलकुद, कला, संस्कृतिलाई समेत महोत्सवमा जोड्न सुझाव दिएका छन्। पोखरा महानगपालिका १४ का वडाध्यक्ष कार्कीले महोत्सव सञ्चालन गर्न करिव २१ लाख रुपैयाँ लाग्ने अनुमान रहेको बताए। दुईदिनसम्म पोखरा १४ स्थित शुक्रराज बलभद्र माध्यमिक विद्यालयको खेलमैदानमा सञ्चालन हुने महोत्सवमा वडामा उत्पादनका भएका कृषि जन्य वस्तु, सामाग्री, विभिन्न टोल समुहको झाँकी ऱ्याली लगायत कलाकारहरुको प्रस्तुती रहेने वडा कार्यालयले जनाएको छ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई अन्तर्राष्ट्रिय रूपमै सूचारु गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

पोखरा सभागृह अगाडि यो नारा व्यापक रुपमा गुञ्जाइयो। नारासँगै ऱ्यालीमा सहभागीले बोकेका प्लेकार्डमा लेखिएको थियो, पोखरा अन्तर र्ष्ट्रिय विमानस्थललाई पूर्णरुपमा सञ्चालन गर, वी.आर.आइ. ऋणलाई अनुदानमा परिणत गर, विमानस्थल निर्माणमा भएको भ्रष्टाचार छानविन गर।



यो सबै कुराको जाँचोपाँजो राष्ट्रिय एकता अभियान पोखराले मिलाएको थियो।

यसरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नाम मात्रको अन्तर र्ष्ट्रिय भएको भन्दै अभियानले पहिलोपटक पोखरामा दबाब ऱ्याली निकालेको हो। पोखराको सभागृहबाट शुरु भएको ऱ्याली पृथ्वीचोकमा पुगेर कोण सभामा परिणत भयो।

कोण सभालाई सम्बोधन गर्दै राष्ट्रिय एकता अभियान पोखराका संयोजक विनय यादवले भने-' स्वाधीन पोखरालाई ऋणमा दुबाएर बनाइएको विमानस्थल गलाको पासो बन्न नदिन सचेत पोखरेली जाग्नुपर्ने बेला भएको छ।' अन्तर र्ष्ट्रिय विमानस्थल सञ्चालन भएको एक वर्ष बढी भइसक्दा पनि नियमित सुचारु किन भएको छैन प्रश्न गर्दै उनले थपे- विमानस्थलको गत वर्षको आय जम्मा ४ करोड र सरकारले प्रत्येक महिना चाइनालाई व्याज मात्र १६ करोड तिर्नु यो गलाको पासो नभएर के हो ?

उनले भैरहवामा पोखरा भन्दा ठूलो एयरपोर्ट ८ अर्बमा सञ्चालनमा आउँदा पोखरामा भैरहवाको भन्दा सानो विमानस्थलका लागि २८ अर्ब लाग्नुमा ठूलो भ्रष्टाचार भएको ठहरसमेत गरे। संयोजक यादवले अभियानको यो सांकेतिक कार्यक्रम भएको बताउँदै विमानस्थल सञ्चालनमा सरकार यस्तै उदासिन रहे थप दबाबमुलक कार्यक्रमसमेत आयोजना गरिने बताए। अभियानका सदस्य सुनिल धामीले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल भएर पनि कालान्तरमा विमानस्थल यस्तै भइरहने र सरकारले तिर्नुपर्ने ऋणका कारण विमानस्थल नै पोखरेलीको अधिनमा नहुने हो कि भनेर खबरदारी गर्न आवश्यक रहेको बताए।

## संसद्मा सशक्त भूमिका निर्वाह गर्न अध्यक्ष ओलीको निर्देशन

**रासस**
काठमाडौं, २१ माघ

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले संसद्मा सशक्त भूमिका निर्वाह गर्न पार्टीका सांसदहरूलाई निर्देशन दिनुभएको छ। एमाले संसदीय दलको बैठकलाई आइतबार सम्बोधन गर्दै उहाँले सांसदलाई संसद् र संसदीय समितिका बैठकमा सक्रियतापूर्वक भाग लिन र जनताका पक्षमा आवाज उठाउन निर्देशन दिनुभयो। अध्यक्ष ओलीले सांसदलाई वैचारिक कुरामा पनि बढी स्पष्टताको आवश्यकता पर्ने र प्राविधिक कुरा सिक्नका लागि बैठक आवश्यक हुने बताउनुभयो।

यसैबीच, एमाले सचेतक महेश बर्तौलाले दुई दिनसम्म चलेको बैठकले चारवटा निर्णय गरेको बताउनुभयो। बैठकले संसद् लाई प्रभावकारी बनाउन सशक्त भूमिका निर्वाह गर्ने निर्णय गर्नाका साथै कानुन निर्माणलाई गति दिन सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्दै सरकारलाई निरन्तर घच्घच्याउने निर्णय गरेको छ। यसैगरी, युवा पलायनका रोक्नका लागि सरकारले उपयुक्त नीति तथा कार्यक्रम ल्याउनका लागि दबाब दिने र एमालेले सबै सांसदलाई संसद्को बैठक र संसदीय बैठक चलेको बेला संसद्मा बसेर विषयवस्तुलाई उठाउने निर्णय गरेको छ।

## पत्रकार महासंघ कास्कीमा डिजिटल साक्षरता तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

नेपाल पत्रकार महासंघ कास्कीमा डिजिटल साक्षरता तालिम सुरु भएको छ। पत्रकार महासंघको सभाहलमा आयोजना गरिएको डिजिटल साक्षरता तालिम सोमबारसम्म चल्नेछ। तालिममा अधिवक्ता सन्तोष सिग्देलले डिजिटल साक्षरता, सुरक्षा तथा सूचना अखण्डता एवम् गलत तथा भ्रामक सूचनाका विषयमा प्रशिक्षण दिँदैछन्।



पोखरा महानगरपालिकाको सहयोगमा भएको तालिममा पोखराका क्रियाशिल पत्रकारहरुको उपस्थिति छ। तालिमको उद्घाटन गर्दै गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशम जुग्जाली मगरले समाजमा नकरात्मक सूचना भन्दा सकरात्मक विषयलाई उठान गर्नुपर्ने आवश्यकतालाई जोड दिएका छन। महत्वकांक्षा आवश्यकता भन्दा बढी हुँदा सबै क्षेत्रमा समस्या आएको भनाई उनको छ। पेशा प्रतिको लगनशिलताले सफलता मिल्ने उनले उल्लेख गरे। पत्रकारितामा पनि ब्ल्याकमेल हुँदा सो क्षेत्रमा नकरात्मक प्रभाव परिरहेको उनले बताए। मन्त्री जुग्जालीले गन्तव्यमा पुग्न हतार गर्न नहुने बताए। मन्त्री जुग्जालीले गण्डकी प्रदेशमा यातायातमैत्री कानून बनाउन आफुहरु लागिरहेको उल्लेख गरे। यातायात क्षेत्रलाई सुदृढ बनाउन नीतिगत तहलाई सुधार गर्नुपर्ने आवश्यकता ठानेर काम भइरहेको जानकारी उनले गराए। पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले डिजिटल साक्षरता, सुरक्षा तथा सूचना अखण्डता तालिम समय सापेक्ष भएको बताइन्। उनले कास्कीका पत्रकारहरुलाई सो सम्बन्धि तालिमको आवश्यकता ठानेर नै तालिमको आयोजना गरिएको जानकारी गराइन्। तालिमले कास्कीका पत्रकारहरुको डिजिटल सक्षमता बढाउन मदत पुग्ने विश्वास उनको छ। भण्डारीले प्रदेश सरकार पनि सुशासनमैत्री बन्नुपर्ने आवश्यकतालाई औंल्याएकी छिन्। सुशासन पारदर्शितामा प्रदेश सरकारसँग मिलेर अगाडि बढ्न महासंघ तयार रहेको उनले बताइन्। प्रशिक्षक सिग्देलले डिजिटल साक्षरता पछिल्लो समय महत्वपूर्ण विषय भएको उल्लेख गरे। उनले अनलाइन मिडिया संचालन गरिरहँदा स्रोत सुरक्षाको आवश्यकतालाई समेत उठाएका छन्। पत्रकारलाई अनलाइन फ्रिडम स्पेसका बारेमा जानकारी हुनुपर्ने उनको भनाई छ। लेख्न जान्ने भनेर जे पनि लेख्दा पत्रकारितामा थुप्रै समस्या देखिएको उनले उल्लेख गरे। अभिव्यक्ति स्वतन्त्रताको सिमालाई नाघेर समाचार बन्दा समस्या उत्पन्न भएको उनले बताए।

डिजिटल लिटेरेसीले पत्रकारलाई सक्षम बनाउन सहयोग पुग्ने विश्वास उनको छ। समाचारमा विश्वसनियता बढाउन डिजिटल लिटेरेसीको आवश्यकता रहेको उनले बताए। सामाजिक संजालको प्रयोगलाई डिजिटल साक्षरता भनेर बुझ्नु गलत भएको भनाई उनको छ। पत्रकार महासंघ कास्कीले कास्कीका पत्रकारहरुका लागि समयसापेक्षित तालिमहरु गर्दै आएको तालिम संयोजक महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले बताए। उनले आगामी समय पनि महासंघले कास्कीको पत्रकारितालाई मर्यादित बनाउन तालिमको आयोजना गर्दै जाने उल्लेख गरे।

## संग्रहालय बनाउन मगर महोत्सव

**पोखरापत्र संवाददाता**
पर्वत, २१ माघ

मगर समुदायको संस्कृति, परम्परा र भेषभुषाको संरक्षणका लागि सङ्ग्राहलय निर्माण गर्ने उद्देश्यले पर्वतमा राष्ट्रिय मगर महोत्सव आयोजना गरिने भएको छ। आगामी फागुन १५ गतेदेखि २६ गतेसम्म मगर महोत्सव आयोजना गरिने भएको हो।

पर्वतमा सामाजिक गतिविधिमा सक्रिय मगर समुदायको साझा संस्था पुन युवा क्लबले ४२औं मगर दिवसका अवसरमा तेस्रोपटक मगर महोत्सव गर्न लागिएको हो। 'कला संस्कृतिको सम्वर्द्धनमा ऐक्यबद्धता, खेल, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धनमा मुख्य


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बगर भाइखलक एट ए साइड भेट्रान फुटबल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

बगर भाइखलकको आयोजनामा आइतबारदेखि देस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइखलक एट ए साइड फुटलब प्रतियोगिता सुरु भएको छ।

पोखरा १ टुडिखेल खेलमैदानमा भएको एट ए साइड फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक बगर भाइखलकले गण्डकी स्पोर्ट्सलाई ४-० ले हराएको छ। बगरको जितमा नरेश केसीले दुई तथा राजुकुमार तामाङ र राजु हमालले एक-एक गोल गरे।

निकै प्रतिस्पर्धात्मक बनेको दोस्रो खेलमा संगम भेट्रानले लेकसाइड भेट्रानलाई टाइब्रेकरमा २-१ ले हराउन सफल भएको छ। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। त्यसअघि उद्घाटन सत्रमा बोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बगर फाइखलकले नेपालमा 'एट ए साइड' फुटबलको ब्रान्डिङ गरेको बताए। उनले महानगरको लगानीमा पोखरा टुडिखेल खेलमैदानमा रोपिएको दुबोको संरक्षण हुन नसक्दा सुकेकोप्रति दुःख व्यक्त गर्दै आगामी वर्ष त्यसको संरक्षण



गर्न आग्रह गरे। टुडिखेलको जग्गा विविध हिसाबले सानो भइरहँदा त्यहाँ हुने प्रतियोगिताका कारण हालसम्म जग्गा संरक्षण हुन सकेको उनको भनाई थियो। उनका अनुसार हाल रहेको वडा प्रहरी कार्यालयलाई स्थानान्तरण गरेर टुडिखेलको जग्गा बढाइने छ। 'यहाँको प्रहरी चौकीलाई हामीले गाई घाटमा लैजाने तयारी थालेका छौ। अब टुडिखेलको आफ्नै साइज हुनेछ। यो अभियान हामीले सुरु गरिसकेका छौं। यो मैदानमा उघिल्लो पटक यहि प्रतियोगिताको समयमा आउँदा निकै धुलो थियो त्यसैले धुलो नउड्ने बनाउँछु भनेका थियौं र दुबो रोपियो' उनले भने, 'अहिले अलि संरक्षण नभएर पुरै सुकेछ आशा छ आगामी वर्ष यस्तो हुनेछैन महानगरको १५ लाख रुपैयाँ बजेट छ।' बगर भाइ खलकका अध्यक्ष दिलबहादुर गुरुङले यस ४० वर्षमाथि उमेर समूहको मात्रै प्रतियोगिता हुनेगरेपनि हाल तीन विधामा प्रतियोगिता भएको सुनाए। बगर भाइ खलकले दिनको एक घण्टा व्यायम भन्ने अभियान चलाएको र उक्त अभियानलाई सघाउन सबैलाई अनुरोध गरे।

राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य राजेश गुरुङले भेट्रानको फुटबल पोखरा रंगशालामा गराएमा आफुहरु सहयोग गर्न तयार रहेको बताए। पछिल्लो समय पोखराको खेलकुद विकास शुन्य भएकाले यसतर्फ सबै सचेत भएर लाग्नुपर्नेमा जोड दिए। सहारा युकेका अध्यक्ष कृष्ण गुरुङले भेट्रान फुटबलको उदेश्य उत्कृष्ट रहेको सुनाए। भेट्रान खेलाडी खेलेर बचत रकम ग्रासरुटमा खर्चिदा नयाँ खेलाडी उत्पादन हुनेमा आफु आशावादी रहेको सुनाए। यस्तै नेपाली फुटबल खेल विकासमा विशेष योगदान दिने पूर्व राष्ट्रिय खेलाडी सम्मानबाट यसपटक शम्भु केसीलाई सम्मान गरिएको छ। राखेपका पूर्व प्रशिक्षक समेत रहेका केसी वरिष्ठ प्रशिक्षक केसीलाई सम्मानपत्रले सम्मान गरिएको हो। प्रतियोगिताको ४० वर्षमाथि उमेर समूहको विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन्। ५० वर्षमाथि उमेर समूहको विजेताले एक लाख रुपैयाँ र उपविजेताले ५० हजार रुपैयाँ तथा ६० वर्षमाथिको विजेताले ५० हजार र उपविजेताले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन्। हिमालयन ब्रुअरी प्रा.लिको मुख्या प्रायोजन रहेको प्रतियोगिताको सह-प्रायोजकको रुपमा बगर भाइ खलक युके र ग्रीन डेभलपमेन्ट बैंक रहेको छ।

माघ २७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पोखरासहित भारतको देहरादु, काठमाडौं, ललितपुर, चितनव, सिरहा, हेटौडा, सर्लाही, बुटवल, सिमरा, कैलाली, पाँचथरबाट सहभागिता रहेको छ। बगर भाइखलकले २०६८ सालदेखि निरन्त एट ए साइड फुटलब भेट्रान फुटबल संचालन गर्दै आइरहेको छ।

# खुल्ला नेपाल स्नोकर प्रतियोगिताका तेश्रो चरणका खेलहरु हुदै

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

पोखरामा जारी खुल्ला नेपाल स्नोकरप्रतियोगिता२०८० अर्न्तगत आइतबारदेखि तेश्रो चरणका खेलहरु हुने भएकाछन्। पोखरा स्थितड्यामसाइडमारहेकोफाइनल स्कोर स्पोर्टस बार प्रा.लि.को आयोजना उक्त स्कोरमा जारी प्रतियोगिता अर्न्तगत शनिबार दोश्रो चरणका खेलहरु सकिएसंगै आइतबार देखि तेश्रो चरणका खेलहरु हुने भएको प्रा.लि.का अध्यक्ष एवं खेलाडी सोम बि.क.ले बताउनु भयो।

शनिबार बिहान भएको दोश्रो चरणको खेलमा वुटवलका सांरग रानाले डिजेका पुजन दवाडीलाई, डिजेका निर्विक लामाले एफएसका आर्यन थापालाई, एएसका रोमन शाहीले पेप्सी कोलाका मिलन तामाङलाई, फाइनल स्कोरका तथा पोखराका च्याम्पियन सोम बि.क.ले काठमाडौंका लाक्पा छिरिङ शेर्पालाई पराजित गर्नु भएको हो। त्यसै गरी बुटवलका सागर गाहाले चकटीका निर्दोषजंग थापालाई, ब्रेक पोइन्टका बिनोद श्रेष्ठले एफएसका रबिन ट्याबलाई, ब्रेक पोइन्टका मोती पाखरिनले एफएसका



डगलस गुरुङलाई, ब्रेक पोइन्टका अजय सुनुवारले ग्रीन बाईज स्नूकरका सुजन मगरलाई पराजित गर्दै तेश्रो चरणमा स्थान बनाउनु भएको हो। त्यस्तै चकतीका मनिष प्रधानले चितवनका बिनोद सिटौलालाई, एफएसका परिवेश रेग्मीले बाजापाटनका अर्जुन सुनुवारलाई, डिपीका विकास महर्जनले एएक्सएनका निश्चल तामाङलाई डिपीका अनिल सुनारले एएसका आनन्द शाहीलाई र एफएसका साहिल गुरुङले चकतीका पासाङ तामाङलाई पराजित गर्नु भएको हो। यही माघ २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि हुनु भएको अध्यक्ष बि.क.ले बताउनु भयो। खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले कास्की विलियार्ड स्नुकर तथा पुल संघको विशेष सहयोगमा उक्त प्रतियोगिता पोखरामा भएको प्रालि.का संचालक प्रताप गुरुङले बताउनु भयो। प्रतियोगितामा प्रतियोगितामा विजेता हुने खेलाडीलाई १ लाख ५० हजार नगद सहित ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ। त्यसै गरी प्रतियोगितामा उपविजेतालाई ७० हजार र तेश्रो हुने दुई जना खेलाडीलाई जनही २०/२० हजारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको हो। उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको आयोजकले जनाएको छ।

# मिस तामाङ पोखराको ताज रोशिलालाई

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

सोनाम ल्होसारको अवसरमा बैदाम तामाङ्ग सेवाको आयोजनामा भएको आठौं मिस तामाङ पोखराको उपाधी रोशिला तामाङ्गले जितेकी छिन। पोखरा सभागृहमा सम्पन्न प्रतियोगितामा अन्य ९ जना प्रतिस्पर्धीलाई पछाडी पार्दै रोशिलाले ताज जितेकी हुन्। उनले नगद १ लाख ताज, ट्रफी, प्रमाणपत्र तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्राप्त गरेकी छिन।

प्रतियोगितामा फस्ट रनरअप मोनिका तामाङ्ग, सेकेण्ड रनरअप बर्षा तामाङ्ग, भ्यर्वस च्वाइस अवार्ड अपर्ना तामाङ्गले जितेकी छिन्। फस्ट रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ हजार, सेकेण्ड रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ तथा भिवर्स च्वाइसका नगद २० हजार पुरस्कार हात पारेका छन्। देशभरबाट १० जना तामाङ समुदायका युवतीहरुको सहभागिता रहेको प्रतियोगितामा




प्रतियोगिले विभिन्न सवटाइटल पाए। मनिका लामा तामाङले बेस्ट वक, रिमाया तामाङ मिस कल्चर, दिक्षा लामा मिस पंच्युअल, सुनामी तामाङ, टिसिरिङ तामाङ मिस फ्रेण्डली, अर्पना तामाङ बेस्ट हेयर, रोशिला तामाङ मिस ट्यालेण्ट, याङजी तामाङ मिस ब्युटी विथ परपोज, र बर्षा लामाले मिस कन्फिडेण्टको टाइटल जितिन्। कार्यक्रममा राजु केसी, तीर्थ तामाङ्ग, कमला गुरुङ्ग, सन्तोष उपाध्याय निर्णायकका रुपमा रहेका थिए। गायक संगीतकार राजनराज शिवाकोटी र संजिव वाइवाको सांगितिक प्रस्तुती राखेका थिए।

वाग्मती प्रदेशसभा सदस्य राधिका तामाङ्गको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको बैदाम तामाङ सेवा समाज कास्कका अध्यक्ष ज्याक तामाङ्गले गरेका थिए। साथै कार्यक्रमको सञ्चालन आवाजको दुनियाको साथी सञ्चारकर्मी तथा निर्देशक दिनेश डिसीले गर्नुभएको थियो। हरेक वर्ष ल्होसारको अवसरमा मिस तामाङ पोखरा तथा ल्होसार म्युजिकल फेष्टिभल गर्दै आएको छ।

# संग्रहालय ...

प्रतिबद्धता' भन्ने मूल नाराका साथ सञ्चालन गर्न लागिएको महोत्सवमा अन्तरपालिका भलिबल प्रतियोगिता आयोजना गरिने छ। प्रतियोगितामा प्रथम हुनेले रु दुई लाख दुई हजार दुई सय २२, द्वितीय हुनेले रु एक लाख एक हजार एक सय ११ र तृतीय हुनेले रु ५० हजार एक सय ११ प्राप्त गर्नेछन्।

त्यसैगरी पालिकास्तरीय महिला भविबल, प्रौढ भलिबल, पुर्ख्यौली नाच, रत्यौली र लोकभजनलगायतका प्रतियोगिता पनि आयोजना गरिनेछ। महोत्सवमा मगर समुदायको पहिचानका रुपमा रहेका सोरठी, सालैजो, यानिमाया, सुनिमाया लगायतको प्रस्तुति पनि रहनेछ।

महोत्सव आयोजनाका लागि विभिन्न १८ वटा उपसमिति गठन गरिएको छ मूल संयोजक कृष्ण पुनले जानकारी दिनुभयो। त्यसैगरी महोत्सवमा विश्वकै दोस्रो अग्लो बञ्जी, जीपलाइन, केवुलकार, झोलुङ्गे पुलको अवलोकन, हरेक दिन ख्यातिप्राप्त राष्ट्रिय कलाकाको प्रस्तुतिसमेत रहने आयोजकले जनाएको छ।

# लामपाटाको अब्यबस्थित बसोबासलाई व्यबस्थित गर्नु राज्यको दाहित्व हो: पूर्व अर्थमन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २१ माघ

गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा (हेमजा) २५ स्थित लामपाटाको अब्यबस्थित बसोबासीलाई राज्यले व्यबस्थित पर्दै आधारभुत विकासका पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

आइतबार लामपाटा सडकको उद्घाटन गर्दै पूर्व मन्त्री बरालले लामपाटा क्षेत्रको बसोबासलाई ब्यबस्थित पार्दै विकासको आधारभुत पूर्वाधार निर्माणमा सरकारले ध्यान दिनुपर्ने बताउनु भएको हो।

लामपाटा बासीहरु रैथाने भई सकेको दाबी गर्दै पूर्व मन्त्री बराललले उक्त क्षेत्रलाई अब नमुना बस्तीको रुपमा उज्यालो पाटनको रुपमा विकसित गर्न सुझाव दिनुभयो। नेकपा माओबादी केन्द्रका केन्द्रिय सदस्य समेत रहनु भएको पूर्व मन्त्री बराललले तीन तहका सरकारले जनताका प्रमुख आवश्यकताको पहिचान गरी



लगानी गर्न आग्रह गर्नु भयो। राष्ट्रिय भूमि आयोग कास्कीका अध्यक्ष गंगा पोखरेलले लामपाटा क्षेत्रमा भएका अब्यबस्थित बसोबासीलाई सरकारले ब्यबस्थित पार्ने बताउनु भयो। कार्यक्रममा पोखरा महानगरका प्रवक्ता तथा पोखरा २५ का वडा अध्यक्ष मोतीराम तिमिल्सिनाले लामपाटाको थप पूर्वाधार निर्माणको लागि महानगरबाट पुनः सहयोग हुने बताउनु भयो। सुनौलो टोल विकास संस्थाका अध्यक्ष बुद्धि बहादुर गुरुङको अध्यक्षमा सम्पन्न भएको कार्यक्रममा वडा सदस्य कृष्ण कुवंर, माओबादी केन्द्रका युवा नेता भोजराज पौडेल, संस्थाका सचिव सुरेस सापकोटा लगायतले बोल्नु भएको थियो।

गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका वडा नम्बर २५ को आर्थिक सहयोगमा हालै सम्पन्न भएको हो। करिब ५ सय मिटर लम्बाई तथा नाला सहितको ९ मिटरको चौडाईमा करिब ५० लाखको लागतमा उक्त सडक निर्माण गरिएको सुनौलो टोल विकास संस्थाका अध्यक्ष बुद्धि बहादुर गुरुङले बताउनु भयो। उक्त क्षेत्रमा पूर्व मन्त्री बरालको बिषेश पहलमा पिउने पानी देखि सडक, बत्ती समेत जडानमा सहयोग भएको अध्यक्ष गुरुङले दाबी गर्नु भयो।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

